# मतदाता नामावली सम्बन्धी नियमावली, २०५२

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५२।११।१०

संशोधन

मतदाता नामावलीसम्बन्धी (पहिलो संशोधन) नियमावली, २०५७ २०५७।१२।१३

मतदाता नामावलीसम्बन्धी ऐन, २०५२ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले देहायको नियमावली बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यो नियमावलीको नाम "मतदाता नामावली सम्बन्धी नियमावली, २०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) "ऐन भन्नाले मतदाता नामावली सम्बन्धी ऐन, २०५२ सम्झनु पर्दछ ।

(ख) "वर्ष" भन्नाले विक्रम सम्वत्को वैशाख १ गतेदेखि चैत्र मसान्तसम्मको अवधि सम्झनु पर्दछ ।

(ग) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १०३ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "मतदाता नामावली" भन्नाले प्रतिनिधिसभाको सदस्य, गाउँ विकास समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य, नगरपालिकाको प्रमुख, उप-प्रमुख र सदस्यको निर्वाचनको निमित्त ऐन र यस नियमावली बमोजिम संकलन गरिएको मतदाताको नामावली तथा अन्य विवरण सम्झनु पर्छ ।


www.lawcommission.gov.np
नेपाल कानून आयोग

# परिच्छेद -२

## मतदाता नामावली सम्बन्धी व्यवस्था

३. **नामदर्ता अधिकारीको नियुक्ति र मतदाता नामावली तयार गर्ने** : (१) मतदाताहरूको नाम तथा अन्य आवश्यक विवरण संकलन गर्न, मतदाता नामावली तयार गर्न, मतदाता नामावली अद्यावधिक गर्न र सो सम्बन्धमा आवश्यक अन्य सबै कामहरू गर्नको लागि प्रत्येक प्रशासकीय जिल्लामा एकजना प्रमुख नामदर्ता अधिकारी र आवश्यकता अनुसार नामदर्ता अधिकारीहरू रहनेछन् ।

(२) नाम संकलनकर्ताको रुपमा मतदाताहरूको नाम संकलन गर्ने र मतदाता नामावली प्रकाशन गर्ने तथा तत्सम्बन्धी अन्य काम गर्ने प्रयोजनको लागि प्रत्येक जिल्लाभित्र पर्ने प्रत्येक गाउँ विकास समितिमा एक जना र नगरपालिकाको हकमा आवश्यक संख्यामा सहायक नामदर्ता अधिकारीहरू रहनेछन् ।

(३) प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको प्रत्येक वडाभित्र पर्ने मतदाताहरूको नाम र अन्य विवरण संकलन गर्ने प्रयोजनको लागि सहायक नामदर्ता अधिकारीको सहयोगीको रुपमा आवश्यक संख्यामा अन्य कर्मचारीहरू रहन सक्नेछन् ।

(४) नाम संकलनकर्ताले मतदाता नामावली तयार गर्ने प्रयोजनको लागि आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम प्रत्येक वर्ष मतदाताहरूको नाम संकलन गर्दा वा अद्यावधिक गर्दा गाउँ विकास समितिको वा नगरपालिकाको प्रत्येक वडाको अलग अलग नामावली रहने गरी प्रत्येक वर्ष वैशाख महिनाको शुरुदेखि सोही महिनाको मसान्तसम्ममा मतदाताहरूको नाम तथा अन्य विवरण संकलन गर्नु पर्नेछ ।

(५) मतदाता नामावली संकलन गर्न नाम संकलनकर्ताले आवश्यकता अनुसार मतदाताको घर कम्पाउण्डभित्र प्रवेश गर्न सक्नेछ ।

नेपाल कानून आयोग

(६) [१]ऐनको दफा ९ को उपदफा (१) बमोजिम आयोगले मतदाता नामावली अद्यावधिक गर्दा नाम संकलनकर्ताले आफनो कार्यक्षेत्र भित्र पर्ने इलाकामा बसोबास गर्ने मतदान गर्न योग्यता पुगेका व्यक्तिहरूको नाम र अन्य विवरण फाराम नं. १ बमोजिमको मतदाता नामावली संकलन फाराममा लेख्नु पर्नेछ र सो फाराममा मतदाताको विवरण दिने व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

[२](६क) उपनियम (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ को उपदफा (१) बमोजिम आयोगले तोकेको जिल्ला वा निर्वाचन क्षेत्रमा मतदाताको नाम संकलन गर्दा नाम संकलनकर्ताले आफनो कार्यक्षेत्र भित्र पर्ने इलाकामा बसोबास गर्ने मतदान गर्न योग्यता पुगेका व्यक्तिहरुको नाम र अन्य विवरण फाराम नं. १क. बमोजिमको मतदाताको नाम संकलन फाराममा लेख्नु पर्नेछ र सो फाराममा मतदाताहरुको विवरण दिने व्यक्तिको सहिछाप गराउनु पर्नेछ ।

[३](६ख) उपनियम (६क) बमोजिम मतदाताको नाम संकलन गर्दा फाराम नं. १क. प्रयोग गरिएको जिल्ला वा निर्वाचन क्षेत्रमा मतदाता नामावली अद्यावधिक गर्दा पनि फारम नं. १क. नै प्रयोग गरिनेछ ।

(७) मतदाता हुन योग्यता पुगेको व्यक्तिको नाम र अन्य विवरण लेखाउनु सम्बन्धित व्यक्तिको कर्तव्य हुनेछ ।

(८) [४]..................... मतदाता नामावली अद्यावधिक गर्दा साविक मतदाता नामावलीमा लेखिएको देहायको अवस्थाका मतदाताको नाम ऐनको दफा १७ तथा नियम १२ को प्रयोजनको लागि फाराम नं. २ मा छुट्टै लेख्नु पर्नेछ :-

(क) मृत्यु भएको,

(ख) स्थायी तवरले सम्बन्धित निर्वाचन क्षेत्रको बसोवास परित्याग गरी बसाई सरेको, वा

---

[१] पहिलो संशोधनद्वारा थप ।

[२] पहिलो संशोधनद्वारा थप ।

[३] पहिलो संशोधनद्वारा थप ।

[४] पहिलो संशोधनद्वारा झिकिएको ।

नेपाल कानून आयोग

(ग)) ऐनको दफा ५ मा उल्लेख भए बमोजिम मतदाता हुने योग्यता नरहेको ।

(९) मतदाताहरूको नामावली संकलन गर्ने प्रयोजनको निमित्त सहायक नामदर्ता अधिकारीले मतदाताको नागरिकताको प्रमाणपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जा, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्र, गाउँ विकास समिति वा नगरपालिकाले दिएको सिफारिसपत्र, बसाई सराइको प्रमाणपत्र, विवाह दर्ता प्रमाणपत्र वा यस्तै अन्य लिखत हेर्न सक्नेछ । त्यसरी हेर्न चाहेको प्रमाण देखाउन नसक्ने व्यक्तिको नाम मतदाता नामावलीमा समावेश गरिने छैन ।

(१०) उपनियम (६) र (८) मा उल्लिखित फारामहरूमा र अधकट्टिमा समेत नाम संकलनकर्ताले आफनो नाम, थर, दर्जा उल्लेख गरी सहीछाप गर्नु पर्नेछ र उपनियम (६) मा उल्लिखित फारामको अधकट्टि मतदाताको विवरण दिने व्यक्तिलाई दिनु पर्नेछ ।

(११) मतदाताहरूको नाम संकलन तथा अद्यावधिक गर्दा तयार गरिएका फारामहरूको आधारमा सहायक नामदर्ता अधिकारीले आफनो कार्यक्षेत्रभित्र पर्ने गाउँ विकास समितिको वा नगरपालिकाको वडाका मतदाताहरूको मतदाता नामावली फाराम नं. ३ बमोजिम तयार गर्नु पर्नेछ र सो मतदाता नामावलीको प्रत्येक पानामा आफनो सहीछाप गर्नु पर्नेछ ।

४. **<u>मतदाता नामावली प्रकाशन गर्ने</u>** : (१) सहायक नाम दर्ता अधिकारीले नियम ३ बमोजिमको सम्बन्धित गाउँ विकास समितिको प्रत्येक वडाको मतदाता नामावली सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावली सम्बन्धित वडा कार्यालयमा प्रत्येक वर्ष जेष्ठ मसान्तसम्ममा प्रकाशन गर्नु पर्नेछ र सो को सूचना फाराम नं. ४ बमोजिमको ढाँचामा तयार गरी आफनो कार्यालयमा सबैले देख्ने गरी टाँस्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा निम्नलिखित कुराहरू उल्लेख गर्नु पर्नेछ :-


www.lawcommission.gov.np

(क) मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको नाम छुटेको भए निजले आफनो नाम समावेश गर्न दावी गरी दरखास्त दिने मिति, समय र स्थान ।

(ख) मतदाता नामावलीमा लेखिएको कुनै मतदाताको नाम, थर, जन्म मिति आदि विवरण सच्याउनु पर्ने भए सो सच्याउन दरखास्त दिने मिति, समय र स्थान ।

(ग) खण्ड (क) र (ख) अनुसार परेको दरखास्तमा जाँचबुझ गरी संशोधित मतदाता नामावली प्रकाशित गर्ने मिति, समय र स्थान ।

(घ) मतदाताको विरोध गरी उजूरी दिने मिति, समय र स्थान ।

(ङ) उजूरी उपर जाँचबुझ गर्ने मिति, समय र स्थान ।

(च) दोहोरो नाम समावेश भएको मतदाताको नाम हटाउन सूचना दिने मिति, समय र स्थान ।

(छ) मतदाता हुने योग्यता गुमाएको मतदाताको नाम हटाउन सूचना दिने मिति, समय र स्थान ।

(ज) खण्ड (छ) बमोजिमको सूचनामाथि जाँचबुझ गर्ने मिति, समय र स्थान ।

(झ) अन्तिम मतदाता नामावली प्रकाशन गर्ने मिति, समय र स्थान ।

(३) उपनियम (१) बमोजिम प्रकाशित मतदाता नामावली सम्बन्धित सबै व्यक्तिले हेर्न पाउने गरी उपलब्ध गराउनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम मतदाता नामावली प्रकाशित गरेको मुचुल्का फाराम नं. ५ बमोजिम गर्नु वा गराउनु पर्नेछ ।

५. **मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने :** (१) नियम ४ बमोजिम प्रकाशित मतदाता नामावलीमा मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिको


www.lawcommission.gov.np
नेपाल कानून आयोग

नाम समावेश हुन छुटेको रहेछ भने सो व्यक्तिले मतदाता नामावलीमा आफनो नाम समावेश गराउन दावी गरी प्रत्येक वर्ष आषाढ पन्ध्र गतेभित्र सहायक नामदर्ता अधिकारीलाई फाराम नं. ६ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त दिंदा मतदाता नामावलीमा नाम समावेश गर्नुपर्ने प्रमाणको रुपमा नागरिकताको प्रमाणपत्र, सरकारी स्वामित्व भएको संस्था वा शिक्षण संस्थाद्वारा जारी गरिएको परिचयपत्र, जग्गाधनी दर्ता प्रमाणपूर्जा वा बसाई सरी आएको भए बसाई सराइको प्रमाणपत्र वा कुनै महिला विवाह गरी आएकी भए विवाह दर्ता प्रमाणपत्र वा गाउँ विकास समिति वा नगरपालिकाले दिएको सिफारिश-पत्र संलग्न गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त दिन ल्याएमा सहायक नामदर्ता अधिकारीले सो दरखास्त फाराम नं. ७ बमोजिमको दर्ता किताबमा दर्ता गरी फाराम नं. ८ बमोजिम भरपाई दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम मतदाता नामावलीमा नाम समावेश गर्न दरखास्त दिने व्यक्तिले आफनो हकमा मात्र दरखास्त दिनु पर्नेछ । तर एउटा परिवारको एकभन्दा बढी सदस्यको दरखास्त सो परिवारको कुनै एक सदस्यले दर्ता गराउन ल्याएमा सहायक नाम दर्ता अधिकारीले त्यस्तो दरखास्त दर्ता गरिदिनु पर्नेछ ।

तर उपनियम (१) बमोजिमको दरखास्त साथ उपनियम (२) बमोजिमको प्रमाण संलग्न नभएमा सो दरखास्त उपर कुनै कारवाई गरिने छैन ।

६. **नाम, थर, जन्म मिति, उमेर आदि विवरण सच्याउन दरखास्त दिने :** (१) नियम ४ बमोजिम प्रकाशित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, जन्म मिति, उमेर वा त्यस्तै अन्य विवरणमा कुनै त्रुटी वा गल्ती भएमा वा परिवर्तन भएमा सो सच्याउन प्रत्येक वर्ष आषाढ पन्ध्र गतेभित्र निज मतदाताले सहायक नामदर्ता अधिकारी समक्ष फाराम नं. ९ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको हकमा निजको अभिभावकले उपनियम (१) को प्रयोजनको लागि दरखास्त दिन सक्नेछ ।

नेपाल कानून आयोग

(३) उपनियम (१) वा (२) बमोजिमको दरखास्त दिन ल्याएमा सहायक नामदर्ता अधिकारीले फाराम नं. १० बमोजिमको दर्ता किताबमा सो दरखास्त दर्ता गरी फाराम नं. ८ बमोजिमको भरपाई दिनु पर्नेछ ।

७. **दरखास्तको जाँचबुझ गर्ने** : (१) नियम ५ वा ६ बमोजिम दरखास्त दर्ता भएमा सहायक नामदर्ता अधिकारीले त्यस्तो दरखास्त उपर जाँचबुझ गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्तवालासँग केही कुरा बुझ्न वा थप प्रमाण माग्न आवश्यक देखिएमा दरखास्तवाला वा सम्बन्धित व्यक्तिलाई नियम ६ को उपनियम (३) बमोजिम दिइने भरपाईमा कार्यालयमा उपस्थित हुने मिति र समय समेत खुलाई दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र उपस्थित नहुने वा मागेको जानकारी वा प्रमाण दाखिल नगर्ने वा दाखिल गरे तापनि पेश गरेको प्रमाणबाट नाम समावेश गर्न नपर्ने वा प्रकाशित मतदाता नामावलीमा लेखिएको मतदाताको नाम वा विवरण सच्याउनु नपर्ने देखिएमा त्यस्तो व्यक्तिको नाम मतदाता नामावलीमा समावेश नगर्ने वा नाम वा विवरण सच्याउन नपर्ने भनी निर्णय गर्न सकिनेछ ।

(४) उपनियम (१) बमोजिम जाँचबुझ गर्दा दरखास्त साथ संलग्न प्रमाणहरूमा र दरखास्तमा लेखिएको व्यहोरामा सहायक नाम दर्ता अधिकारी विश्वस्त भएमा दरखास्त दिने व्यक्तिको नाम तथा अन्य विवरण मतदाता नामावलीमा समावेश गर्ने वा मतदाता नामावलीमा लेखिएको नाम तथा अन्य विवरण सच्याउन मिल्ने निर्णय गर्नु पर्नेछ ।

८. **संशोधित मतदाता नामावली प्रकाशन गर्ने** : (१) नियम ७ बमोजिम जाँचबुझ गरेपछि सहायक नामदर्ता अधिकारीले मतदाता नामावलीमा कुनै मतदाताको नाम समावेश गर्नु पर्ने भएमा त्यस्तो मतदाताको नाम फाराम नं. ११ मा समावेश गरी र कुनै मतदाताको नाम वा अन्य विवरण सच्याउन पर्ने देखिएमा त्यस्तो विवरण सच्याई सोको सूची फाराम नं. १२ मा उल्लेख गरी संशोधित मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको संशोधित मतदाता नामावली र विवरण सच्याइएको सूची सहायक नामदर्ता अधिकारीले आषाढ मसान्तसम्ममा सम्बन्धित

नेपाल कानून आयोग

गाउँ विकास समितिको कार्यालयमा वा नगरपालिकाको वडा कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको संशोधित मतदाता नामावली र विवरण सच्याइएको सूची प्रकाशित गरेको फाराम नं. १३ बमोजिमको सूचना सम्बन्धित गाउँ विकास समितिको कार्यालयमा वा नगरपालिकाको वडा कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र फाराम नं. ५ बमोजिमको ढाँचामा मुचुल्का समेत गर्नु गराउनु पर्नेछ ।

९. **मतदाताको विरोध गरी दरखास्त दिने** : (१) नियम ८ बमोजिम प्रकाशित संशोधित मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम ऐन बमोजिम समावेश हुन नसक्ने भनी सोही निर्वाचन क्षेत्रको कुनै मतदाताले विरोध गर्नुपर्ने उपयुक्त कारण उल्लेख गरी प्रत्येक वर्ष श्रावण पन्ध्र गतेभित्र सहायक नामदर्ता अधिकारी समक्ष फाराम नं. १४ बमोजिमको ढाँचामा दरखास्त दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त दर्ता गराउन ल्याएमा सहायक नामदर्ता अधिकारीले सो दरखास्त फाराम नं १५ बमोजिमको दर्ता किताबमा दर्ता गर्नु पर्नेछ र फाराम नं. ८ बमोजिमको ढाँचामा भरपाई दिनु पर्नेछ ।

(३) सहायक नामदर्ता अधिकारीले उपनियम (१) बमोजिमको दरखास्त दिने समय समाप्त भएपछि उपनियम (२) बमोजिम दर्ता भएको दरखास्तको व्यहोरा सहितको फाराम नं. १६ बमोजिमको ढाँचामा सूची तयार गर्नु पर्नेछ र एकप्रति सूची सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

१०. **विरोधको दरखास्त उपर जाँचबुझ गरी निर्णय गर्ने** : (१) नियम ९ बमोजिम दरखास्त दर्ता भएमा सहायक नामदर्ता अधिकारीले फाराम नं. १७ बमोजिमको ढाँचामा ५ प्रति सूचना तयार गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनाको एकप्रति दरखास्त दिने व्यक्तिलाई तत्काल दिनु पर्नेछ र एकप्रति सूचना आफनो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको एकप्रति सूचना विपक्षी मतदाताको नाममा जारी गर्नु पर्नेछ । सो सूचना सम्बन्धित विपक्षी मतदातालाई बुझाई वा दुईजना साक्षी

नेपाल कानून आयोग

राखी निजको घरदैलामा टाँस गरी अर्को प्रति सूचनामा सो बुझाएको वा टाँस गरेको व्यहोरा र मिति उल्लेख गरी सूचना बुझाउने व्यक्तिले आफनो सहीछाप समेत गर्नु पर्नेछ र त्यसरी सूचना बुझाएको एक दिनभित्र सहायक नामदर्ता अधिकारीलाई दाखिल गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सूचनामा उल्लेखित मिति र समयमा सम्बन्धित पक्षहरू उपस्थित हुन आएमा सहायक नामदर्ता अधिकारीले निजहरूसँग सोधपूछ गर्न र आवश्यक प्रमाण माग गर्न सक्नेछ ।

(५) उपनियम (१) बमोजिमको सूचनामा उल्लेखित मिति र समयमा सम्बन्धित पक्षहरू उपस्थित हुन नआएमा वा उपनियम (४) बमोजिम माग गरेको प्रमाण पेश नगरेमा सहायक नामदर्ता अधिकारीले दरखास्त साथ उल्लेख भएको कारण वा पेश भएको प्रमाण हेरी आवश्यक निर्णय गर्नु पर्नेछ ।

(६) यस नियम बमोजिमको निर्णयको सूचना फाराम नं. १८ बमोजिम तयार गरी सबैको जानकारीको लागि आफ्नो कार्यालयको सूचना पाटीमा टाँस गर्नु पर्नेछ ।

११. **मतदाताको दोहोरो नाम हटाउने** : (१) नियम ८ बमोजिम संशोधित मतदाता नामावली प्रकाशित भएपछि एकभन्दा बढी निर्वाचन क्षेत्रमा वा एकै निर्वाचन क्षेत्रको एकभन्दा बढी स्थानमा मतदाता नामावलीमा नामदर्ता भएको मतदाताले आफूले रोजेको एक निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा मात्र नाम कायम राखी अन्य निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीबाट आफनो नाम हटाउन सहायक नामदर्ता अधिकारी समक्ष लिखित जानकारी दिनु पर्नेछ ।

(२) दुई वा दुईभन्दा बढी निर्वाचनक्षेत्र वा स्थानको मतदाता नामावलीमा कुनै मतदाताको नाम समावेश भएको कुराको जानकारी आयोगलाई प्राप्त भएमा त्यस्तो मतदाताको नाम निज मतदाता स्थायी बसोबास गरेको निर्वाचनक्षेत्र वा स्थानको मतदाता नामावलीमा कायम गर्न र अन्य निर्वाचनक्षेत्र वा स्थानको मतदाता नामावलीबाट निज मतदाताको नाम हटाउन आयोगले सम्बन्धित प्रमुख नामदर्ता अधिकारीलाई आदेश दिन सक्नेछ ।

(३) उपनियम (१) बमोजिम लिखित जानकारी प्राप्त हुन आएमा वा उपनियम (२) बमोजिमको आदेश प्राप्त भएमा वा प्रमुख नामदर्ता अधिकारी वा सहायक

नेपाल कानून आयोग

नामदर्ता अधिकारी स्वयंले सो कुराको जानकारी प्राप्त गरेमा प्रमुख नामदर्ता अधिकारी वा सहायक नामदर्ता अधिकारीले त्यस्तो मतदाताको स्थायी बसोबास भएको निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीमा समावेश भएको निज मतदाताको नाम कायम राखी अन्य निर्वाचन क्षेत्र वा स्थानको मतदाता नामावलीबाट निजको नाम हटाउनु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम मतदाताको दोहोरो नाम हटाउनु पर्दा त्यसरी दोहोरो नाम हटाउनु पर्ने कारण समेत उल्लेख गरी निर्णय गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम मतदाता नामावलीबाट नाम हटाइएका मतदाताहरुको सूची फाराम नं. १९ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ र सो सूची आफनो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

१२. **<u>मतदाताको नाम हटाउने</u>** : (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिमको कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउन अन्य कुनै मतदाताले प्रमुख नामदर्ता अधिकारी समक्ष प्रत्येक वर्ष श्रावण पन्ध्र गतेसम्ममा फाराम नं.२० बमोजिमको ढाँचामा लिखित सूचना दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको सूचनामा उल्लेख गरिएको व्यहोराको सम्बन्धमा प्रमुख नामदर्ता अधिकारीले सम्बन्धित मतदाताको परिवारको सदस्य वा सम्बन्धित मतदाता बसोबास गरेको गाउँ विकास समिति वा नगरपालिकाको वडा कार्यालय वा कुनै व्यक्ति वा निकायसँग सोधपूछ गर्नु पर्नेछ वा सो सम्बन्धमा आवश्यक प्रमाण लिनु पर्नेछ ।

(३) उपनियम (३) बमोजिमको जाँचबुझ गर्दा मतदाता नामावलीबाट कुनै मतदाताको नाम हटाउनु पर्ने देखिएमा र निजले आफनो स्पष्टीकरण दिनसक्ने अवस्था छ भने सात दिनभित्र स्पष्टीकरण दिन आउनु भनी त्यस्तो मतदाताको नाममा फाराम नं. २१ बमोजिमको सूचना प्रकाशन गरी आफनो कार्यालयमा टाँस गर्नु पर्नेछ ।

(४) उपनियम (१) बमोजिमको सूचनामा उल्लेख गरिएको व्यहोराको सम्बन्धमा प्रमुख नामदर्ता अधिकारीले उपनियम (२) (३) बमोजिम जाँचबुझ गर्दा



नेपाल कानून आयोग

व्यहोरा ठीक देखिएमा सो सूचनामा उल्लेखित मतदाताको नाम मतदाता नामावलीबाट हटाउने निर्णय गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम मतदाता नामावलीबाट कुनै मतदाताको नाम हटाउने निर्णय भएमा त्यसरी नाम हटाइएका मतदाताहरूको सूची फाराम नं.१९ बमोजिम तयार गरी आफनो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

१३. **<u>अन्तिम मतदाता नामावली तयार गर्ने</u>** : (१) सहायक नामदर्ता अधिकारीले यस परिच्छेद बमोजिमको कार्यविधि पूरा गरिसकेपछि मतदाता नामावली र सम्बन्धित कागजात श्रावण पच्चीस गतेभित्र प्रमुख नामदर्ता अधिकारीलाई बुझाउनु पर्नेछ । यसरी बुझाएको मतदाता नामावलीको प्रत्येक पानामा सहायक नामदर्ता अधिकारीले सहीछाप गरी प्रमाणित गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त मतदाता नामावलीहरू एकत्रित गरी सम्बन्धित निर्वाचन क्षेत्रको अन्तिम मतदाता नामावली तयार गर्नु पर्नेछ ।

(३) पनियम (२) बमोजिमको अन्तिम मतदाता नामावली तयार भएपछि सो मतदाता नामावलीको प्रत्येक पानामा प्रमुख नामदर्ता अधिकारीले सहीछाप गरी प्रमाणित गर्नु पर्नेछ ।

१४. **<u>अन्तिम मतदाता नामावली प्रकाशन गर्ने</u>** : (१) नियम १३ बमोजिमको अन्तिम मतदाता नामावली सबैले देख्ने गरी प्रमुख नामदर्ता अधिकारीले प्रत्येक वर्ष श्रावण मसान्तसम्ममा आफनो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित गरेको फाराम नं. २२ बमोजिमको सूचना आफनो कार्यालयमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ र फाराम नं. ५ बमोजिमको मुचुल्का गर्नु गराउनु पर्नेछ ।

१५. **<u>अन्तिम मतदाता नामावली पठाउने</u>** : (१) नियम १४ बमोजिम अन्तिम मतदाता नामावली प्रकाशित भई सकेपछि सो मतदाता नामावलीको एकप्रति प्रमुख नामदर्ता अधिकारीको कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

(२) नियम १४ बमोजिम प्रकाशित अन्तिम मतदाता नामावलीको एकप्रति प्रमुख नामदर्ता अधिकारीले प्रत्येक वर्ष भाद्र पन्ध्र गतेसम्म आयोगमा पठाउनु पर्नेछ ।

नेपाल कानून आयोग

१६. **मतदाता नामावलीको आवश्यक प्रति तयार गर्ने** : प्रमुख नामदर्ता अधिकारीले आयोगमा उपलब्ध गराएको अन्तिम मतदाता नामावलीलाई मूल मतदाता नामावली मानी आयोगले सो मतदाता नामावलीको आवश्यक प्रतिहरू तयार गर्नेछ ।

१७. **मतदाता नामावली हेर्न र सार्न दिने** : मतदाता वा उम्मेदवारले मतदाता नामावली हेर्न वा सार्न चाहेमा मतदाता नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी निर्वाचन आयोग वा आयोगले तोकेको कार्यालयले हेर्न वा सार्न दिनेछ । उम्मेदवार वा सरोकारवालाले आफैंले सार्न लगाई मतदाता नामावलीको प्रति लैजाने अवस्थामा कुनै दस्तुर लाग्ने छैन ।

१८. **विवाद निरुपण गर्ने** : मतदाता नामावली सम्बन्धमा विवाद उत्पन्न भएमा नियम १४ बमोजिम प्रमाणित मतदाता नामावलीलाई आधार मानी विवादको निरुपण गरिनेछ ।

१९. **मतदाता नामावली बिक्री गर्ने** : कुनै व्यक्ति वा संघ संस्थाले मतदाता नामावली खरीद गर्न आएमा आयोगले तोकेको मूल्य लिई आयोग वा आयोगले तोकेको कार्यालयले उपलब्ध भएसम्म मतदाता नामावली बिक्री गर्न सक्नेछ ।

२०. **मतदाता नामावली संकलन वा अद्यावधिक गर्ने सम्बन्धमा आदेश जारी गर्ने** : ऐन र यो नियमावली बमोजिम मतदाताहरूको नाम संकलन गर्ने वा मतदाता नामावली अद्यावधिक गर्ने प्रयोजनको लागि आयोगले आदेश जारी गर्नेछ ।

## परिच्छेद -३

## नाम दर्ता अधिकारीहरूको काम, कर्तव्य र अधिकार

२१. **प्रमुख नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार** : ऐन र यस नियमावलीमा अन्यत्र लेखिएको काम कुराको अतिरिक्त प्रमुख नामदर्ता अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) ऐन र यस नियमावली बमोजिम नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीले गर्नु पर्ने कार्यको निरीक्षण र अनुगमन गर्ने ।

नेपाल कानून आयोग

(ख) मतदाता नामावली तथा अन्य विवरण तयार गर्ने काममा समस्याहरू उत्पन्न भएमा सोको निराकरण गर्ने ।

(ग) मतदाता नामावली र मतदाताको अन्य विवरण तयार गर्ने काममा संलग्न कर्मचारीले ऐन र नियमावलीमा उल्लेख भए बमोजिम काम नगरेमा वा लापरवाही साथ काम गरेमा निज उपर विभागीय कारवाहीको लागि आयोगमा आफनो राय पठाउने ।

(घ) नामदर्ता अधिकारी वा सहायक नामदर्ता अधिकारीको काम कारवाही सम्बन्धमा उजूरी हेर्ने ।

(ङ) मतदाताहरूको नाम संकलन वा मतदाता नामावली अद्यावधिक गर्ने कार्यको संचालन र सुपरीवेक्षण गरी प्रभावकारी ढंगमा कार्य सम्पन्न गर्न नामदर्ता अधिकारीलाई निजले गर्नुपर्ने कार्य वा क्षेत्र तोक्ने ।

(च) ऐन, नियम र निर्देशिका बमोजिम नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीले गर्नुपर्ने काम कर्तव्यको सम्बन्धमा प्रशिक्षण वा निर्देशन दिने ।

(छ) आयोगले तोकेको अन्य काम गर्ने ।

२२. **नाम दर्ता अधिकारीको काम, कर्तव्य र अधिकार** : प्रमुख नामदर्ता अधिकारीको मातहतमा रही ऐन र यस नियमावली बमोजिम प्रमुख नामदर्ता अधिकारीको निर्देशन अनुसार नामदर्ता अधिकारीले काम गर्नु पर्नेछ ।

## परिच्छेद –४

## विविध

२३. **मतदाता प्रमाणित गर्ने** : (१) कुनै निर्वाचन क्षेत्रको मतदाता नामावलीमा नामदर्ता भएको कुनै मतदाताले आफू सो निर्वाचन क्षेत्रको मतदाता भएको व्यहोरा प्रमाणित गराउन चाहेमा सोही निर्वाचन क्षेत्रको लागि आयोगबाट अधिकार प्राप्त अधिकारी समक्ष वा आयोगको कार्यालयमा फाराम नं. २३ बमोजिको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको दरखास्त प्राप्त भएमा आयोग वा आयोगबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो दरखास्त दिने व्यक्ति मतदाता नामावलीमा नाम भए बमोजिम मतदाता भएको व्यहोरा फाराम नं. २४ बमोजिम प्रमाणित गरिदिनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम दरखास्त दिंदा रु. १० दस्तुर लाग्नेछ ।

२४. **कागजात सुरक्षित राख्ने :** मतदाता नामावली र सो मतदाता नामावलीसँग सम्बन्धित सम्पूर्ण कागजपत्रहरू आयोगले तोकेको अधिकारीले आफ्नो कार्यालयमा सुरक्षित राख्नु पर्नेछ ।

२५. **सहयोग लिन सक्ने :** मतदाता नामावली तयार गर्ने सिलसिलामा प्रमुख नामदर्ता अधिकारी, नामदर्ता अधिकारी र सहायक नामदर्ता अधिकारीले आवश्यकता अनुसार श्री ५ को सरकार तथा संस्थानहरूका कार्यालयहरू, राजनैतिक दलहरू, स्थानीय निकायहरू र सामाजिक संघ संस्थाहरू तथा अन्य निकायहरूसँग सहयोग लिन सक्नेछ । यसरी सहयोग माग भएमा सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२६. **फाराम थपघट वा हेरफेर गर्न सक्ने :** आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी फाराममा आवश्यक थपघट गर्न वा फाराम हेरफेर गर्न सक्नेछ ।

२७. **बचाउ :** गाउँ विकास समिति, नगरपालिका वा प्रतिनिधिसभाको सदस्यहरूको निर्वाचन गराउने प्रयोजनको लागि मतदाता नामावली तयार गर्ने सम्बन्धमा यस नियमावलीमा लेखिएकोमा यसै नियमावली बमोजिम र अरु कुरामा प्रचलित कानून बमोजिम हुनेछ ।

नेपाल कानून आयोग

## फाराम नं. १

**(नियम ३ को उपनियम (६) संग सम्बन्धित)**

निर्वाचन आयोग

मतदाता नामावली संकलन फाराम

(...............साल चैत्र मसान्त सम्ममा १८ वर्ष उमेर पूरा गरेका व्यक्तिहरू मात्र)

जिल्ला ......... निर्वाचन क्षेत्र नं.☐ गाउँ विकास समिति/नगरपालिका .............. वडा नं. ☐☐

गाउँ/टोल ........ घर नं. ☐☐☐☐ परिवार नं. ☐☐☐ परिवार सदस्य संख्या ☐☐ स्थायी ☐

| क्र.स. | मतदाताको पूरा नाम | थर | लिङ्ग | जन्म मिति | | | पिता/पतिको नाम | थर | नाता |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साल | महिना | गते | | | |
| ०१ | | | | | | | | | |
| ०२ | | | | | | | | | |

उपरोक्त विवरण ठीक साँचो हो। झुट्ठा ठहरे
कानून बमोजिम सहन मंजूर छ।

| | |
|---|---|
| मतदाताको विवरण दिने | सहायक नाम दर्ता अधिकारीको |
| व्यक्तिको सही .............. | सही...................... |
| नाम, थर ...................... | नाम, थर ...................... |
| मिति .......................... | मिति .......................... |

नेपाल कानून आयोग



www.lawcommission.gov.np

<u>**फाराम नं. १**</u>

(नियम ३ को उपनियम (६) संग सम्बन्धित)

निर्वाचन आयोग

मतदाता नामावली संकलन फाराम □

जिल्ला ............... निर्वाचन क्षेत्र नं. ....□□

गा.वि.स./न.पा. .......... वडा नं. ......

गाउँ/टोल □□□ स्थायी □....

घर नं. □

| क्र. सं. | मतदाताको नाम, थर |
|---|---|
| ०१<br>०२<br>०३<br>०४ | |

सहायक नामदर्ता अधिकारीको सही :- ....................

नाम, थर :-................................

मिति :-....................................



www.lawcommission.gov.np

नेपाल कानून आयोग

# [५]फाराम नं.१क

## निर्वाचन आयोग

## मतदाताको नाम संकलन/अद्यावधिक फाराम

**(नियम ३ को उपनियम (६क) र (६ख) सँग सम्बन्धित)**

श्री सहायक नाम दर्ता अधिकारीज्यू,
......जिल्ला, निर्वाचन क्षेत्र नं. ......
...... गाउँ विकास समिति/नगरपालिका
..............

जिल्ला : ...................
निर्वाचन क्षेत्र नं. ..........
गा.वि.स./न.पं.............
वडा नं.
टोल नं. ........
घर नं. ..........
परिवार नं. .....

महोदय,

नेपालको नागरिक भएको र यस ठाउँमा स्थायी बसोबास भएको हुँदा निम्न अनुसारको नाम तथा विवरणहरु मध्ये मतदाता हुन योग्यता पुगेका परिवारका सदस्यहरुको नाम मतदाता नामावलीमा समावेश गरिदिनु हुन अनुरोध गर्दछु ।

मतदाता हुन योग्यता पुगेका परिवारका सदस्यहरुको विवरण

| सि.नं. | मतदाता नं. | नाम, थर | लिंग | जन्म मिति | पिता वा पतिको नाम, थर | नाता | मतदाता परिचयपत्र लिए/नलिएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |

नेपाल कानून आयोग

[५] पहिलो संशोधनद्वारा थप ।

क्रमश :

.......... ✄.................. ✄.................... ✄............... ............. ✄............

मतदाता नामावलीमा नाम समावेश गर्न दिएको फारामको भरपाई

| | नाम, थर | | विवरण लिने अधिकारीको |
|---|---|---|---|
| जिल्लाः...... | १. ........... | ८. ........... | नाम, थर ...... |
| निर्वाचन क्षेत्र ..... | २. ......... | ९. ............ | सही ......... |
| गा.वि.स./न.पा.... | ३. ......... | १०. ........... | पद ...... |
| वडा नं. ......... | ४. ......... | ११. ........... | मिति ..... |
| टोलः....... | ५. ........... | १२. ........... | कार्यालयको छाप |
| | ६. ....... | १३. ........... | |
| | ७. ......... | १४. ........... | |

द्रष्टव्य : यो भरपाई मतदाता हुन दिएको दरखास्त फारमको निस्सामात्र हो । माग बमोजिम मतदाता नामावलीमा नाम समावेश भए नभएको मतदाता नामावली प्रकाशन भए पछि हेर्नुहोला र नाम समावेश नभएमा म्यादभित्रै (समयमै) दावी गर्नु होला ।

मतदाता हुन योग्यता नपुगेका/नभएका परिवारका सदस्यहरुको विवरण

| सिं नं. | नाम, थर | लिंग | जन्म मिति | पिता वा पतिको नाम, थर | नाता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |

नेपाल कानून आयोग

संलग्न प्रमाण/आधार : १

२

३

उपर्युक्त विवरण ठिक साँचो हो । झुट्ठा ठहरे कानूनबमोजिम सहुला बुझाउँला भनी सही गर्ने घरमुलीको वा विवरण दिने सदस्यको,-

नाम .................सहि .................. मिति .................

---

विवरण लिने अधिकारीको नाम...सहि.......पद.........मिति........ कार्यालयको छाप.................

द्रष्टव्य :

१. मतदाता हुन योग्यता पुगेका परिवारका सदस्यहरुको नाममात्र मतदाता नामावलीमा समावेश गर्ने

२. कैफियत महलमा उमेर पुगेको कारणले वा बसाई सराई वा विवाह वा अन्य के कारणले नाम समावेश भएको हो सो स्पष्ट रुपमा उल्लेख गर्ने ।

३. नयाँ नाम समावेश हुने मतदाताको लागि मतदाता नं. र मतदाता परिचयपत्र लिए/नलिएको महल भर्नु पर्ने छैन ।

नेपाल कानून आयोग

# फाराम नं. २

(नियम ३ को उपनियम (८) सँग सम्बन्धित)

निर्वाचन आयोग

**ऐनको दफा १७ र नियम १२ को अवस्थाका मतदाताको नाम संकलन फाराम**

**(.................. साल चैत्र मसान्त)**

जिल्ला .......................................निर्वाचन क्षेत्र नं. ☐ गाउँ विकास समिति/नगरपालिका .............................. वडा नं. ☐☐

गाउँ/टोल .................................. घर ☐☐☐☐

| घर संख्या | क्रम संख्या | मतदाताको विवरण | | | | | | मतदाताको पिता/पति | | | नाम संकलन गर्नुपर्ने कारण | | | सूचना दिनेको सही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पूरा नाम | थर | लिङ्ग | जन्म मिति | | | नाम | थर | नाता | मृत्यु | बसाई सरेको | ऐनको दफा ५ बमोजिमको | | |
| | | | | | साल | महिना | गते | | | | | | | | |
| | | | | | | | | | | | | | | | |

सहायक नामदर्ता अधिकारीको सही .....................

नाम, थर ..............................

मिति.................................

नेपाल कानून आयोग

## फाराम नं. ३

## (नियम ३ को उपनियम (११ सँग सम्बन्धित

## निर्वाचन आयोग

## मतदाता नामावली

**(२०५१ साल चैत्र मसान्तसम्ममा १८ वर्ष उमेर पूरा भएका)**

जिल्ला ................ निर्वाचन क्षेत्र नं. ........ गाउँ विकास समिति/नगरपालिका ............

वडा नं. ................

| सि.नं. | घर नम्बर | प.सं. | प.क्र.सं. | गाउँ/टोल | मतदाताको विवरण | | | | | मतदाताको पिता/पति | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | मतदाता नं. | नाम, थर | लिंग | जन्म मिति | उमेर | नाम, थर | नाता | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

प्रमुख / सहायक नामदर्ता अधिकारीको सही ..................

नाम, थर...................

मिति....................

नेपाल कानून आयोग

**फाराम नं. ४**

**(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)**

**निर्वाचन आयोग**

**...................... जिल्ला निर्वाचन क्षेत्र नं. ............**

**...................... गाउँ विकास समिति/नगरपालिका**

**वडा नं............**

**मतदाता नामावली प्रकाशित गरेको सूचना**

........... जिल्लाको निर्वाचन क्षेत्र नं. .............. अन्तर्गतको ................. गाउँ विकास समिति/नगरपालिका वडा नं. ....... का ............. साल चैत्र मसान्त सम्ममा कानून बमोजिम १८ वर्ष उमेर पुगेका मतदाताहरुको नामावली मतदाता नामावली सम्बन्धी नियमावली, २०५२ को नियम ४ को उपनियम (१) को प्रयोजनको लागि प्रकाशित गरिएको छ। सो मतदाता नामावली हेर्नको लागि यस कार्यालयमा उपलब्ध छ।

उपरोक्त नामावलीमा नाम समावेश हुन छुट भएका मतदाता हुन योग्यता पूरा भएका व्यक्तिहरुले आफ्नो नाम समावेश गराउन वा यस नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम, थर, जन्ममिति आदि कुनै व्यहोरा सच्याउन वा मतदाता नामावलीमा नाम समावेश भएको कुनै मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि निम्नलिखित मिति, समय र स्थानमा दरखास्त दिन समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।



www.lawcommission.gov.np

| | | मिति | | समय | | स्थान |
|---|---|---|---|---|---|---|
| क.सं. | कार्यक्रम | देखि | सम्म | देखि | सम्म | |
| १. | मतदाता नामावलीमा नाम समावेश हुन छुट भएको व्यक्तिले दरखास्त दिने । | | | | | |
| २. | मतदाता नामावलीमा नाम समावेश भएको मतदाताको नाम आदि सच्याउन दरखास्त दिने । | | | | | |
| ३. | नाम समावेश गर्न र नाम आदि सच्याउन दिएको दरखास्त उपर जाँचबुझ गर्ने । | | | | | |
